# **विद्यालय** छनौटका लागि अभिभावकलाई प्रभाव पार्ने सामाजिक कारकहरू

**त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक आवश्यकताको प्रयोजनको लागि समाजशास्त्र तथा ग्रामीण विकास विभाग पृथ्वीनारायण क्याम्पस पोखरामा प्रस्तुत**

***शोध पत्र***


शोधार्थी

**डिलकुमारी पौडेल**

**रोल नं.** १२३/०६६

**रजिष्ट्रेसन नं.** ६-१-४८-१६३४-२००२



**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**

**समाजशास्त्र तथा ग्रामिण विकास विभाग**

**पृथ्वीनारायण क्याम्पस, पोखरा**



२०७३

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण बहुमुखी क्याम्पस, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, समाजशास्त्र तथा ग्रामिण विकास विभाग अन्तर्गत समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक आवश्यकता पूर्तिको निम्ति शोधार्थी छात्रा डिलकुमारी पौडेलद्वारा "**विद्यालय छनौटका लागि अभिभावकलाई प्रभाव पार्ने सामाजिक कारकहरू"** शीर्षकमा गरिएको शोध अध्ययन मेरो निर्देशनमा तयार पार्नु भएको हो । उहाँको कार्य प्रति म सन्तुष्ट छु । उक्त शोधपत्रको आवश्यक मुल्याङ्कनको लागि सिफारिस गर्दछु ।

.......................................

(रामचन्द्र बराल)

**शोध निर्देशक**

समाजशास्त्र तथा ग्रामिण विकास विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा

**मितिः २०७३/१२/२२**

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण बहुमुखी क्याम्पस, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, समाजशास्त्र तथा ग्रामिण विकास विभाग अन्तर्गत समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक आवश्यकता पूर्तिको निम्ति शोधार्थी छात्रा डिलकुमारी पौडेलद्वारा "**विद्यालय छनौटका लागि अभिभावकलाई प्रभाव पार्ने सामाजिक कारकहरू"** विषयको शोधपत्र समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिका लागि उचित ठहरिएकोले स्विकृति प्रदान गरिएको छ ।

## मूल्याङ्कन समिति

..........................................

(रामचन्द्र बराल

**शोध निर्देशक**

समाजशास्त्र तथा ग्रामिण विकास विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा

...................................

(तेज प्रसाद सुवेदी)

**बाह्य परीक्षक**

............................................

प्रा.विश्वकल्याण पराजुली

**विभागीय प्रमुख**

समाजशास्त्र तथा ग्रामिण विकास विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा

**मिति :– २०७३/१२/३१**

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत समाजशास्त्र तथा ग्रामिण विकास विभाग अन्तर्गत स्नातकोत्तर तह दशौं पत्रको आंशिक आवश्यकता परिपूर्तिको लागि तयार पारिएको हो ।

यो अध्ययन "विद्यालय छनोटका लागि अभिभावकलाई प्रभाव पार्ने सामाजिक कारकहरू" शीर्षकमा गरिएको छ । प्रस्तुत शोधपत्र लेखनका क्रममा आफ्नो अमूल्य समय श्रम तथा महत्वपूर्ण सरसल्लाह, सुझाव र उचित मार्ग निर्देशन दिई शोधपत्र लेखनका क्रममा उत्प्रेरणा दिनु हुने शोध निर्देशक रामचन्द्र बरालज्यू प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । यस शोधकार्यको लागि प्रस्तावना लेखन, नमूना लेखन, नमूना छनोट विधि तथा तथ्याङ्क सङ्कलन, विश्लेषण र व्याख्या प्रक्रियामा आवश्यक सरसल्लाह प्रदान गर्नुहुने विभागीय प्रमुख प्रा.डा.विश्वकल्याण पराजुलीलाई हार्दिक कतज्ञता व्यक्त गर्दछु साथै समाजशास्त्र विभागका सम्पूर्ण गुरुजनहरू, क्याम्पस प्रशासनप्रति पनि कृतज्ञता प्रकट गर्दछु ।

यस शोध कार्यको क्रममा विभिन्न सकरात्मक सुझावका दिइ सहयोग गर्नुहुने पृथ्वीनारायण क्याम्पस, व्यवस्थापन विभागका आदरणीय गुरु विष्णुप्रसाद अधिकारी ज्यू प्रति कृतज्ञ छु । आफ्नो अमुल्य समय दिएर सहयोग पुऱ्याउनुहुने उत्तरदाता, अभिभावक ज्यूहरू एवम् बालबालिकाहरूप्रति धेरै धन्यवाद दिन चाहन्छु । यसैगरी इन्द्रपुरी टोलका अध्यक्ष राजकुमारी गुरुङ तथा वडा नं. ८ का कार्यालय सचिव रामबहादुर कोइरालालाई पनि अनुसन्धानको लागि आवश्यक सामाग्री जुटाउनु भएकोमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

अनुसन्धान क्रममा मेरा हरेका पाइलाहरूमा अनकूल वातावरण सिर्जना गराई घरायसी कार्यमा मद्दत गरी अमूल्य समय उपलब्ध गराउनुहुने मेरा परिवारजनहरू तथा विशेष सहयोग र सुझाव गर्नुहुने साथीहरू कमला घिमिरे र कुमारी गुरुङलाई विशेष धन्यवाद दिन चाहन्छु साथै प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने आफन्तजनहरूप्रति हार्दिक धन्यवाद दिन चाहन्छु । अन्त्यमा यस शोधपत्रलाई टाइप तथा प्रिन्ट गरी सहयोग पुऱ्याउने क्विक कम्प्युटर सर्भिस, पोखरा -१, बगरप्रति पनि म हार्दिक आभार प्रकट गर्दछु ।

मिति : २०७३ चैत्र ३१ **डिलकुमारी पौडेल**

# विषयसूची


| | | पृष्ठ |
|---|---|---|
| *सिफारिस पत्र* | | *i* |
| *स्वीकृति पत्र* | | *ii* |
| *कृतज्ञताज्ञापन* | | *iii* |
| *विषयसूची* | | *iv* |
| *तालिका सूचि* | | *vii* |
| *शोध सार* | | *viii* |
| **अध्याय - एक : परिचय** | | **१-१०** |
| १.१ | अध्यनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | २ |
| १.३ | अध्ययनको उद्देश्यहरू | ८ |
| १.४ | अध्ययनको महत्त्व | ८ |
| १.५ | अध्ययनको सीमा | ९ |
| १.६ | अध्ययनको सांगठनिक संरचना | ९ |
| १.७ | महत्वपूर्ण शब्दावलीहरूको परिभाषा तथा अर्थ | १० |
| **अध्याय - दुई : सन्दर्भ साहित्य समिक्षा** | | **११-२७** |
| २.१ | ऐतिहासिक पृष्ठभूमि | ११ |
| २.२ | अध्ययनको सैद्धान्तिक खाका | २० |
| २.३ | पूर्व साहित्य समिक्षा | २२ |
| **अध्याय - तीन : अनुसन्धान विधि** | | **२८-३१** |
| ३.१ | अध्ययनको क्षेत्र छनौटको औचित्य | २८ |
| ३.२ | अनुसन्धान ढाँचा | २९ |
| ३.३ | तथ्याङ्कको स्रोत एवं प्रकृति | २९ |
| ३.४ | समग्र अध्ययन विधि | २९ |
| ३.५ | तथ्याङ्क सङ्कलन विधि | ३० |
| ३.६ | तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण | ३१ |

**अध्याय - चार : अध्ययन क्षेत्रको तथ्याङ्क विश्लेषण** **३२-५२**

४.१ परिवारको किसिमको आधारमा उत्तरदाताहरू ३२

४.२ उत्तरदाताहरूको लैङ्गिक तथा उमेरगत संरचना ३३

४.३ जात/जातीयताको आधारमा उत्तरदाताहरू ३४

४.४ शैक्षिक योग्यताको आधारमा उत्तरदाताहरू ३५

४.५ धर्मका आधारमा उत्तरदाताहरू ३७

४.६ पेशाको आधारमा उत्तरदाताहरू ३८

४.७ घरको स्वामित्वको आधारमा उत्तरदाताहरू ३९

४.८ बालबालिकालाई सुविधा प्रदान गर्ने आधारमा उत्तरदाताहरू ४०

४.९ बालबालिकाले पढ्ने विद्यालयको आधारमा उत्तरदाताहरू ४१

४.१० उत्तरदाताहरूको आर्थिक अवस्था ४१

४.११ निजी तथा सरकारी विद्यालयमा बालबालिकाहरूको सहभागिता ४२

४.१२ समाजको हेराइमा विद्यालय रोज्नुको प्राथमिकता ४३

४.१३ विद्यालय छनौटमा प्रभाव पार्ने तत्त्वहरूको आधार ४४

४.१४ बालबालिका पढाउने संस्थाबाट सन्तुष्टिका आधार ४६

४.१५ बालबालिकाको विद्यालयमा अभिभावकको सम्पर्क ४७

४.१६ विद्यालय भेटघाटका आधार ४८

४.१७ विद्यालयबाट सन्तुष्ट नहुनुको कारणहरू ४९

४.१८ सरकारी विद्यालयमा भर्ना गर्न प्रेरित गर्ने कारणहरू ५०

४.१९ निजी विद्यालय छनौट गर्नुका कारणहरू ५१

**अध्याय - पाँच : सारांश, निष्कर्ष र सुझाव** **५३-५८**

५.१ अध्ययनको सारांश ५३

५.३ निष्कर्ष ५६

५.४ सुझाव ५८

सन्दर्भ सूची

अनुसूचीहरू

अनुसूची १ : विद्यार्थीका लागि अन्तरवार्ता अनुसूची

अनुसूची २ : अभिभावकका लागि अन्तरवार्ता अनुसूची

# तालिका सूची


| तालिका | | पेज |
|---|---|---|
| ४.१ | परिवारको किसिमको आधारमा उत्तरदाताहरूको विवरण | ३३ |
| ४.२ | उत्तरदाताहरूको उमेरगत विवरण | ३४ |
| ४.३ | जात/जातीयताको आधारमा उत्तरदाताहरूको विवरण | ३५ |
| ४.४ | उत्तरदाताहरूको शैक्षिक विवरण | ३६ |
| ४.५ | धर्मका आधारमा उत्तरदाताहरूको विवरण | ३७ |
| ४.६ | पेशाको आधारमा उत्तरदाताहरूको विवरण | ३८ |
| ४:७ | घरको स्वामित्वको आधारमा उत्तरदाताहरूको विवरण | ३९ |
| ४.८ | बालबालिकालाई सुविधा प्रदान गर्ने आधारमा उत्तरदाताहरूको विवरण | ४० |
| ४.९ | बालबालिकाले पढ्ने विद्यालयको आधारमा उत्तरदाताहरूको विवरण | ४१ |
| ४.१० | उत्तरदाताहरूको आर्थिक अवस्था | ४२ |
| ४.११ | निजी तथा सरकारी विद्यालयमा पढ्ने बालबालिकाहरूको विवरण | ४३ |
| ४.१२ | समाजको हेराइमा उत्कृष्ट विद्यालयको आधारमा उत्तरदाताहरूको विवरण | ४४ |
| ४.१३ | विद्यालय छनोटमा प्रभाव पार्ने तत्त्वहरूको आधारमा उत्तरदाताहरूको विवरण | ४५ |
| ४.१४ | संस्थाबाट उत्तरदाताहरूको सन्तुष्टिको विवरण | ४६ |
| ४.१५ | अभिभावकहरूको विद्यालयमा भेटघाटको आधार | ४७ |
| ४.१६ | उत्तरदाताहरू सन्तुष्ट नहुनुको कारणका आधारमा उत्तरदाताहरूको विवरण | ४८ |
| ४.१७ | सरकारी विद्यालयमा भर्ना गर्नुपर्ने कारणको आधारमा विवरण | ४९ |
| ४.१८ | उत्तरदाताहरूले निजी विद्यालय छनोट गर्नुका कारणको विवरण | ५० |
| ४.१९ | उत्तरदाताहरूको विद्यालय भेटघाट गर्न जाने कारणको विवरण | ५१ |

# शोध सार

यस शोधपत्रमा "विद्यालय छनौटका लागि अभिभावकलाइ प्रभाव पार्ने सामाजिक कारकहरू" शीर्षकमा अध्ययन गरिएको छ । यस अध्ययनलाई कास्की, पोखरा लेखनाथ महानगरपालिका वडा नं. ८, सिमलचौरमा रहेका २० वटा टोलहरूमध्ये इन्द्रपुरी टोललाई मात्र सीमित गरिएको छ । समुदायका अभिभावकहरूलाई विद्यालय छनोट गर्नका लागि के कस्ता कुराहरूले प्रभाव पारेको छ भन्ने तथ्य पत्ता लगाउन यो अध्ययन गरिएको थियो ।

यो अध्ययनमा विश्लेषणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । त्यस्तै यस अध्ययनमा अनुसन्धानको स्रोत प्राथमिक र द्वितीय खालका तथ्याङ्क प्रयोग गरिएको छ । जसमा स्थलगत अध्ययन, छलफल, अवलोकन तथा अन्तर्वार्ता प्राथमिक तथ्याङ्क अन्तर्गत पर्दछन् भने यस अनुसन्धान सम्बन्धि लेख, रचना, सम्बन्धित विषयमा गरिएका अनुसन्धान र पुस्तकहरू द्वितीय तथ्याङ्कको स्रोत अन्तर्गत पर्दछन् । संख्यात्मक र गुणात्मक दुवै प्रकारका तथ्याङ्कहरू लिइएको छ ।

यस अध्ययनका प्राप्तिहरूमा प्रति वर्ष सामुदायिक विद्यालयमा बालबालिका घट्दै गरेको अवस्था तथा सामुदायिक विद्यालयप्रति विश्वास घट्दै गइरहेको अवस्था देखियो भने संस्थागत विद्यालयतिर विभिन्न कारणहरूले जस्तै अङग्रेजी माध्यमको बढ्दो प्रभाव, अनुशासनको व्यवस्थापन, प्रशासनको निगरानी, आकर्षक भौतिक संरचना, यातायातको व्यवस्था, नियमित गृहकार्य परीक्षण आदि कुराहरूले आकर्षण बढेको पाइयो । संस्थागत विद्यालयप्रति आकर्षण बढे तापनि सामुदायिक विद्यालयप्रति पनि एस.एल.सी. पछिको सुविधाको कारण झुकाव रहेको पाइयो ।

सामुदायिक विद्यालयमा कमजोर प्रशासन, शिक्षकले विद्यार्थीको पढाइमा त्यति चासो नदेखाउनु, तालिम प्राप्त शिक्षकले तालिम दिए बमोजिम कार्यान्वयन नगर्नु, पढाइमा भन्दा घरको काममा व्यवस्थ हुनु जस्ता कारणले उत्तरदाताको मन सामुदायिक विद्यालय प्रति नकरात्मक देखिन गएको पाइयो । सरकारी विद्यालयमा गुणस्तर बढेको खण्डमा सामुदायिक विद्यालयमा नै पढाउन चाहेको कुरा अधिकांश अभिभावकहरूको पाइयो । सामुदायिक विद्यालयमा बढी मात्रामा बालबालिकाहरूको पढाइप्रति लापरवाही हुने, बच्चाहरूको अनुशासन तथा पढाइमा ख्याल नराख्ने कारणले गर्दा अभिभावकहरू महङ्गो भएतापनि संस्थागत विद्यालय तर्फ आकर्षित भएको तथ्य यस अध्ययनले देखाउँदछ ।